# अपिहिमाल गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६

| कार्यपालिकाबाट संसोधन मिति | २०७७/०१/०५ |
|---|---|

अपिहिमाल गाउँ पालिका

दार्चुला जिल्ला

सुदूरपश्चिम प्रदेश

अपिहिमाल गाउँपालिका

# अपिहिमाल गाउँपालिका कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड-१९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ।

१. **संक्षिप्त नाम प्रारम्भ :** (१) यस मापदण्डको नाम **"असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६"** रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकाले लकडालउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा पैसंगको अर्को अर्थ नलागेमा यस मापदण्दमा

(क) **"असङ्गगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग "** भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्नै दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्दछ।

(ख) **"असहाय"** भन्नाले कसैको लालन पालनमा नरही अशक्त, टुहुरा तथा साहारा बिहिन व्यक्ति सम्झनुपर्दछ।

(ग) **"राहत"** भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बनिधत स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफ ५ बमोजिमको सामाग्री सम्झनु पर्दछ।

(घ) "स्थानीय तह" भन्नाले यस अपिहिमाल गाउँ पालिकालाई सम्झनु पर्दछ।

३. **अभिलेख राख्नुपर्ने :** (१) यस मापदण्ड बमोजिमको रअहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ :

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपोसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरु ओसार पोसार गर्ने व्यक्ति,

प्रमुख प्रशासकीय अधिकृत

(ग) ट्रक, टि्पर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साईकिलमा समान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर :

(१) अन्य व्यक्तिको माल बाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक, सहचालक

(२) दैनिक ठेक्का वा ज्यालामा टयाक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलगाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने, ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची -१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षले सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

(४) राहत वितरण गर्नुपर्ने : दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल विवरण गर्नु पर्नेछ ।

(५) **राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहात स्वरुप विवरण गरिनेछ :

(क) चामल ३० किलोग्राम

(ख) दाल .... किलोग्राम

(ग) नुन २ प्याकेट

(घ) खाने तेल २ लिटर

(ङ) साबुन ४ वटा

(च) चिनी ... किलोग्राम

१० किलो चामल
२ kg दाल
१ लिटर तेल
१ kg नुन
१ साबुन

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलार्य एक इकाई मानी सम्वन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमका राहत सामाग्री आधा वा सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ । (३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै पनि सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६. **वितरण गर्ने विधि :** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ :

(क) राहत राहत वितरणको लागि सम्वन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्वन्धित वडा समितिले हुन सने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था देहाय बमोजिम गर्ने :

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलव्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलव्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलव्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिबाट राहत उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

७. **राहतको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सङ्घीय मामिला तथा प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत